## कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिम निर्देशक समितिको बैठकका निर्णयहरु

(मिति: २०७९ साल जेष्ठ २४)

निर्णयहरु:

१. कर्णाली प्रदेश सरकारबाट सञ्चालित प्रदेश विशेष कार्यक्रमहरु मुख्यमन्त्री रोजगार कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम र कर्णाली उज्यालो कार्यक्रमको हालसम्मको कार्यान्वयन प्रगतिको सम्बन्धमा बैठकमा प्रस्तुतीकरण भई छलफल तथा समीक्षा गरियो।

२. आगामी आर्थिक वर्ष २०७९/०८० को लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट गरी सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहमा कार्यान्वयन गर्न पठाउनका लागि वार्षिक विकास कार्यक्रममा नै समाबेश गर्ने सम्बन्धमा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा बाधा अड्काउ फुकाउने तथा अन्य विविध विषयमा मिति २०७८/१२/२८ गते र मिति २०७९/०२/१३ गते निर्देशक समितिको संयोजकस्तरबाट भएका निर्णयहरु अनुमोदन गर्ने।

३. आगामी आ.व. २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट हुने आयोजनाहरुको लागि कर्णाली प्रदेशका हुम्ला, डोल्पा र मुगु जिल्लाका स्थानीय तहका वडाहरुमा प्रति वडा बीस लाख र बाँकी अन्य जिल्लाका स्थानीय तहका वडामा प्रति वडा पन्ध्र लाखका दरले विनियोजन गर्ने।

४. आगामी आ.व. २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुनेगरी स्थानीय तहबाट हालसम्म मुख्यमन्त्री रोजगार व्यवस्थापन सूचना प्रणालीमा (cmep.karnali.gov.np)मा माग भएका आयोजनाहरू मध्ये निर्देशक समितिबाट अन्तिम छनौट गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने:

   क. वडा समिति, स्थानीय तहको कार्यपालिका र समन्वय तथा सिफारिस समिति समेतबाट आवश्यक प्रकृया पुरा गरेका आयोजनाहरूको सूची संयोजक मा. मुख्यमन्त्रीबाट प्रमाणित गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्दै गर्ने।

   ख. मिति २०७८/०२/२५ गते सम्म पनि मुख्यमन्त्री रोजगार व्यवस्थापन सूचना प्रणालीमा माग भएका तर वडा समिति, स्थानीय तहको कार्यपालिका र समन्वय तथा सिफारिस समितिबाट सिफारिसको आवश्यक प्रकृया पुरा हुन नसक्ने आयोजनाहरूको समेत निर्देशक समितिका संयोजक मा. मुख्यमन्त्रीबाट प्रमाणित गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने।

५. कर्णाली उज्यालो कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तह तथा निकायबाट माग भएका आयोजनाहरु बैठकमा पेश भएकोमा अनुसूची-१ मा उल्लेख भए बमोजिम आयोजना तथा बजेट निर्देशक समितिका संयोजक मा.मुख्यमन्त्रीबाट प्रमाणित गरी छनौट तथा बाँडफाँड